# स्थानीय राजपत्र

## के.आई.सिंह गाउँपालिका, डोटीद्वारा प्रकाशित

खण्ड: १० संख्या:०१ मिति:२०८३/०१/१५


## भाग-०२

## के.आई.सिंह गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ।

## पोषण कार्यक्रम सञ्चालन कार्यविधि-२०८३

**प्रस्तावना:** मुलुकबाट कुपोषण अन्त्यको लागि गुणस्तरिय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जिवनचक्रमा सुधार गर्ने लक्ष्य सहित नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०८०/१०/१४ मा स्वीकृत भई कार्यान्वयनमा आएको बहुक्षेत्रीय पोषण योजना –तेस्रोले (२०८०/०८१-२०८७/०८८) लिएको लक्ष्य,उद्देश्य तथा अपेक्षित नतिजा हाशिल गर्न सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनमा सहजिकरण गर्न के.आई.सिंह गाउँपालिकाको गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने ऐन २०७४)विनियोजन ऐनको दफा ३(१)ले दिएको अधिकार प्रयोग गरी के.आई.सिंह गाउँपालिकाले प्रदेश सरकारबाट आ.ब. २०८२।२०८३ को चालु तर्फ **विशेष अनुदान अन्तर्गत** "पोषण कार्यक्रममा" स्विकृत २५ लाख बजेट कार्यान्वयन व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गले सन्चालन गर्न बाञ्छनीय भएकोले,यो कार्यविधि बनाई लागु गरिएको छ।

**परिच्छेद-०१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " पोषण कार्यक्रम सञ्चालन **कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "अनुदान" भन्नाले कार्यक्रम सन्चालनका लागि सम्बन्धित वडाहरुमा सुनौला हजार दिनका आमा समुह र किशोरकिशोरी समुहहरुमा पोषणका सवालहरुमा खर्च भएको रकमलाइ सम्झनुपर्दछ।

ख. "गाउँपालिका" भन्नाले के.आई.सिंह गाउँपालिकालाइ सम्झनुपर्दछ।

ग. "कार्यविधि" भन्नाले" पोषण कार्यक्रम सन्चालन कार्यविधि, २०८३" सम्झनुपर्दछ।

घ. "समिति" भन्नाले गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई बझाउनेछ।

ङ. "सहजिकरण समिति" भन्नाले वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समिति सम्झनु पर्नेछ।

च. "कार्यपालिका" भन्नाले के.आई.सिंह गाउँ कार्यपालिका भन्ने बुझिन्छ।

छ. "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभालाई सम्झनुपर्दछ।

ज. "सहजकर्ता " भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका पोषण सहजकर्तालाई सम्झनु पर्नेछ।

**३. उद्देश्यहरु**

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजम रहेका छन्;

क. प्रदेश सरकारबाट प्राप्त अनुदानलाई कार्यान्वयनको लागि सहजिकरण र स्पष्टता ल्याउने।

ख. बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरुलाई संस्थागत व्यवस्थापन,कार्यान्वयन,लेखा तथा लेखापरिक्षण,अनुगमन,प्रतिवेदनका सम्बन्धमा प्रदेश सरकारबाट प्राप्त अनुदानलाई सहजिकरण गर्ने।

ग. गर्भवति र सुत्केरी महिला,दुई वर्षमुनिका बालबालिका र किशोरीहरुलाई आवश्यक पर्ने पोषणको सुनिश्चितताको लागि स्थानिय तहमा सहजिकरण गर्ने।

४. **कार्यक्षेत्रः** बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट अनुदान प्राप्त गरि तथा स्थानिय तहमा सञ्चालन गरिने पोषण सुधारका विभिन्न कार्यहरु यस कार्यविधिको कार्यक्षेत्र रहनेछ।

## परिच्छेद २
## कार्यक्रम कार्यान्वयन

५. विशेष अनुदान कार्यक्रम स्वीकृत गर्नुपर्नेः बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्ने स्थानिय तहले विशेष अनुदान कार्यक्रमको स्वीकृत देहाय बमोजिम गर्नुपर्नेछ।

१. कार्यक्रम संचालन गर्ने स्थानिय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान, स्थानिय तहको आफ्नो स्रोत अन्य स्रोतबाट प्राप्त हुने रकम एकिकृत गरी निर्देशक समितिको सिफारिसमा बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित वार्षिक बजेट तथा कार्यक्रम गाउँ कार्यपालिका तथा सभाबाट स्वीकृत गर्नुपर्नेछ।

२. स्थानिय तहको कार्यक्रममा दोहोरोपना हुन नदिन साझेदार संघ संस्था र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा कार्यक्षेत्र एकिन गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

३. यस कार्यक्रम अन्तर्गतका वार्षिक क्रियाकलापहरुको छनौट र स्वीकृत यस कार्यविधिको अतिरिक्त स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ बमोजिम हुनेछ।

४. विशेष कारणबस उपदफा (१) बमोजिम कार्यक्रम स्वीकृत हुन छुट भई निर्देशक समितिको सिफारिसमा गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन भएको अवस्थामा लगतै बस्ने सभाबाट कार्यक्रमको अनिवार्य अनुमोदन गर्नुपर्नेछ।

५. स्वीकृत एकिकृत कार्यक्रमको कार्यान्वयन कार्ययोजना अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी सो को एक प्रति मन्त्रालयमा समेत पर्नेछ।

६. **नियमित तथा लक्षित कार्यक्रमः** बहुक्षेत्रीय पोषण योजना तेस्रोले लिएको लक्ष्य हासिल गर्न स्थानिय तहमा नियमित र लक्षित कार्यक्रम सञ्चालन हुनेछन।

१. नियमित कार्यक्रम तर्फ तुलनात्मक रुपमा कुपोषणको समस्या न्युन रहेका तथा कुपोषणका नयाँ प्रवृतिहरु देखा परेका स्थानिय तहमा यस कार्यक्रम अन्तर्गत प्राप्त हुने सशर्त/विशेष अदनुदान र स्थानिय तहले आफ्नो स्रोतबाट विनियोजन गर्ने बजेटबाट सञ्चालन गरिने देहाय बमोजिम कार्यक्रम पर्दछन्।

क) निर्देशक समितिको सचिवालय व्यवस्थापन,बैठक सञ्चालन,अनुगमन,अन्तर्क्रिया तथा समिक्षा।

ख) सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान।

ग) पोषणमैत्री स्थानिय शासन प्रवर्द्धनको लागि अनुसूचि २ बमोजिमका कार्यक्रम।

घ) योजनाले तोकेका अनुसूचि ३ बमोजिमका पोषण संम्वेदनशील तथा पोषण विशेष कार्यक्रम।

ङ) पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम।

२. लक्षित कार्यक्रम तर्फ तुलनात्मक रुपमा कुपोषणको समस्या बढी रहेका स्थानिय तहमा नियमित कार्यक्रमको अतिरिक्त पोषण लक्षित कार्यक्रम सञ्चालन हुनेछ। यस अन्तर्गत कुपोषणको समस्या अधिक रहेका टोल,बस्ती तथा समुदायलाई लक्षित गरी व्यवहार परिवर्तन,सामाजिक परिचालन,सिप विकास तथा आयआर्जनका लागि स्थानिय तहको आवश्यकता र प्राथमिकताको आधारमा लक्षित समूह पोषण सुधार कार्यक्रम, पोषण नमूना टोल कार्यक्रम तथा बिपन्न समूदाय पोषण सुधार कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

७. **रणनितिहरु**

दफा ३ मा उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाइनेछ

क. पोषणमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि २०८०, अनुसारका क्षेत्रगत सूचकहरुको तोकिएको लक्ष्यहरु सबै पुरा हुने गरि जसमध्यको आवश्यकतालाई आधार मानि त्यसको दिगोपना तथा निरन्तरताको सुनिश्चतता सहितको कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गरिन्छ।

ख. सुनौला हजार दिनका आमाहरु,किशोरीहरु तथा ५ वर्षमूनिका बालवालिकाहरुको पोषण अवस्थामा सुधार ल्याई मानव पूँजिको विकास गर्ने नितिको अवलम्वन गर्ने गरि पोषण कार्यक्रम कार्यान्वयन गरिनेछ।

## परिच्छेद -३
## कार्यक्रम सन्चालन सम्बन्धी व्यवस्था

८. **कार्यक्रमको अवधी :** कार्यक्रमको अवधी (२०८२ श्रावण १ गते देखि २०८३ असार मसान्तसम्म) १ वर्षको हुनेछ।

९. **विशेष प्राथमिकता :** पोषण कार्यक्रम विशेष प्राथमिकता दिइनेछ।

१०. **कार्यक्रम सन्चालनका लागि छनौटका आधारहरु:** के.आई.सिंह गाउँपालिकाले पोषण कार्यक्रम सन्चालनका लागि निम्न क्षेत्रहरुको प्राथमिकिकरण र छनौट गर्दा देहायका बुदाँहरुमा ध्यान दिनुपर्नेछ।

क. कार्यक्रमको प्रकृति (नियमित वा लक्षित कार्यक्रम),

ख. जनसंख्या,

ग. भूगोल,

घ. पोषणको अवस्था,

ङ. अति पिक्षडिएको तथा लोपोन्मुख समूदायको बाहुलेयता,

च. मानव विकास सूचाङ्क।

११. **<u>अनुदान रकमबाट सन्चालन गर्न सकिने कार्यहरु</u> :**

१०.१ गाउँपालिकाले पोषण कार्यक्रम अन्तर्गत रहि निम्न कृयाकलापहरु सन्चालन गर्न सक्नेछ:-

क घरेलु हिंसा न्यूनिकरणका लागि वहस तथा पैरवि अभियान संचालन।

ख अभिभावक तथा समुदायका सदस्यहरुलाई पोषण शिक्षा सम्बन्धि सचेतना गर्ने।

ग प्रचार प्रसार तथा बृहत पोषण प्रदर्शनी।

घ पशु स्वास्थ्य शिविर संचालन गरि पशुलाई खोप लगाउने कार्यक्रम गर्ने।

ङ सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी तालिम तथा तरकारीको बिउविजन वितरण।

च एक घर एक धारा खानेपानी सरसफाई प्रवर्द्धन

छ गाउँपालिकामा पोषणमैत्री कार्यक्रमको प्रभावकारी कार्यान्वियनका लागि प्रवर्द्धानात्मक कार्यक्रम

१०.२ माथि उल्लेखित कृयाकलापहरुमा आवश्यकता र औचित्यताका आधारमा स्विकृत बजेटको अधिनमा रहि उक्त बजेटको **Break Down** प्रचलित कानुनको अधिनमा रहि दफा १०.१ बमोजिमका शिर्षकहरुमा बहुक्षेत्रीय पोषण कार्यक्रमले तयार गरि पोषण तथा खाद्य सुरक्षा निरेदेशक समितिबाट स्विकृत गरि बजेट खर्च गर्नुपर्नेछ।

१२. **<u>कार्यक्रम सन्चालन प्रकृया</u> :**

१. गाउँपालिकाले बार्षिक स्विकृत कार्यक्रम अनुसार गरिव तथा विपन्न परिवार सुलौला हजारदिनका आमाहरुलाई लक्षित गरि पोषण सम्बन्धी कार्यक्रम सन्चालन गर्नेछ । कार्यक्रम सन्चालन गाउँपालिकाका सबै वडाहरुमा सन्चालन हुनेछ र सन्चालन हुने वस्ति वा टोलको छनौट यसै कार्यविधी बमोजिम वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको रोहबरमा कार्यक्रम सञ्चालन हुनेछ।

२. गाउँपालिकाले पोषण सम्बन्धी कार्यक्रम सन्चालनका लागि छनौटका आधारहरुलाइ ध्यानमा राख्दै गाउँपालिकाको विभिन्न वडाहरुमा रहेको सम्भावना अनुसार गरिव तथा विपन्न परिवारहरु र सुनौला १००० दिनका आमाहरु रहेको क्षेत्रको पहिचान र प्राथमिकिकरण गरि पालिका/ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति समक्ष पेश गर्नेछ । सुनौला हजार दिने आमाहरुलाई सरसफाई सम्बन्धि तालिम र सरसफाइ सम्बन्धि सामगीहरु वितरण गरिनेछ।

३. उपदफा २ बमोजिम पेश भएका क्षेत्रहरु मध्येबाट वा आवश्यकता अनुसारको थपघट पश्चात पोषण मैत्री तथा स्थानिय शासन प्रवर्द्धन कार्यक्रम सन्चालन हुने क्षेत्रको अनुमोदन पालिका/ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले गर्नुपर्नेछ।

४. पोषण मैत्री तथा स्थानिय शासन प्रवर्द्धन कार्यक्रमको सन्चालनका लागि बस्ने आर्थिक विकास समितिको बैठकमा आवश्यकता अनुसार बढिमा २ जनालाइ आमन्त्रण गर्न सकिनेछ।

५. कार्यक्रम सन्चालन सम्बन्धमा पालिका/ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैंठकमा रु १०००।०० का दरले बैठक भत्ता उपलब्ध गराइनेछ।

६. कार्यक्रम सन्चालनका लागि पालिका/ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. कार्यक्रम संचालन गरिने पकेट क्षेत्रको छनौटमा सहजिकरण र अनुमोदन।

ख. संचालित कार्यक्रमहरुको स्थलगत अनुगमन र पृष्ठपोषण।

ग. कार्यप्रगतीको समिक्षा र आवश्यक समन्वय।

७. टोल बस्तीको आवश्यकता र माग बमोजिम पोषणलाई लक्षित गरी शुद्ध खानेपानीका लागि एक घर एक धारा कार्यक्रम संचालन गरिने छ।

१३. **भुक्तानी तथा बजेट खर्च प्रकृया:** स्विकृत बजेटबाट कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको लागत अनुमान,खर्च,खर्चको लेखाङ्कन गर्दा प्रचलित कानुनका अलावा देहायका मार्गदर्शनका आधारमा गर्नुपर्नेछ।

१. कार्यक्रमको कोष प्रवाह तथा वित्तीय व्यवस्थापन नेपाल सरकारको विद्यमान आर्थिक ऐन,नियम् प्रदेश तथा स्थानिय तहको आर्थिक कार्यप्रणाली अनुसार हुनेछ।

२. कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेटलाई आधार मान्नु पर्नेछ।

३. नेपाल सरकार र प्रदेश सरकारको नियमित कार्यक्रममा दोहोरो पर्नेगरी बजेट विनियोजन गर्न पाइनेछैन। तर स्रोत नपुग भएको खण्डमा साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बाधा पर्नेछ।

४. कार्यक्रमको बजेट गैर सरकारी संस्था,कम्पनी वा फर्म मार्फत खर्च गर्न पाइनेछैन।

५. कार्यक्रमको बजेटबाट पोषणमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि २०८०, र बहुक्षेत्रीय पोषण कार्यान्वयन कार्यबिधि २०८१ अनुसार हुनेछ। अन्य कुनै पनि प्रकारका प्रशासनिक कार्यमा खर्च गर्न पाइनेछैन।

६. प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान चालु आ.व.भित्र खर्च हुन नसकेमा वा निश्चित रकम खर्च भई केहि रकम कोषमा बाँकी रहेमा नियमानुसार प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

१४. **अनुगमन र मुल्यांकन :**

१. आवश्यकता अनुसार सम्बन्धित सरोकारबालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मुल्यांकन गर्ने सकिनेछ। अनुगमन गरि सकेपश्चात अनुगमन प्रतिवेदन अनुसुचि-०६ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

२. अनुगमन र मुल्यांकन गरेको दिन सम्बन्धित वडा कार्यालयका पदाधिकारी, कर्मचारी, पशु/कृषि विकास शाखाका कर्मचारी, आर्थिक विकास समितिका पदाधिकारी र गाउँपालिकाका पदाधिकारीहरुलाइ अनुगमन खर्च बाफत प्रतिदिन रु १०००/- दिइनेछ। जसमा नियानुसार १५ प्रतिशत कर लाग्नेछ।

३. अनुदानको उपयोग प्रगतीको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ।

४. अनुगमन टोलीले अनुदान उपयोग सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्ने र यसरि दिइएको निर्देशनलाइ पालन गर्नु सम्बन्धित कृषक समुह/उपभोक्ता समितिको कर्तव्य हुनेछ।

५. कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होडिङ्ग बोर्ड तयार गरि अनुदान प्राप्त रकम कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीको लागि राख्नुपर्नेछ।

६. गाउँपालिकाले समय समयमा अनुसुचि-०६ बमोजिम अनुगमन कार्यका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारी/पदाधिकारी परिचालन गर्नेछ।

**परिच्छेद - ०४**
**विविध**

१५. **प्रचलित कानुन लागु हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम र उल्लेख पोषणमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि २०८०, अनुसार नभएमा प्रचलित कानुन बमोजिम कार्वाही हुनेछ।

१६. **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१७.**खारेजी एवम संशोधन :** गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि खारेजि वा संशोधन गर्न सक्नेछ।

## अनुसुचि -०१

**कार्यविधिको दफा ६(१)सँग सम्बन्धीत पोषण कार्यक्रम अन्तर्गतका कार्यक्रम तथा क्रियाकलापहरु**

| सि.नं. | विवरण | कार्यक्रम |
|---|---|---|
| १ | कार्यविधिको दफा ६(१)ग (२) | ❖ लक्षित समुह पोक्षण सुधार कार्यक्रम,पोषण नमुना टोल कार्यक्रम तथा विपन्न समुदायमा पोषण सुधार कार्यक्रम। |
| २ | ति बाहेकका अन्य १नं. कार्यक्रम | ❖ पोषणमैत्री स्थानिय शासनको सूचक हासिल गर्नको लागि क्षमता विकास (स्थानिय तहका जनप्रतिनिधि तथा विषयगत क्षेत्रका कर्मचारीहरुलाई तालिम,बालविकास केन्द्रका सहजकर्तालाई पोषण सम्बन्धी तालिम,महिला समुहका सदस्य,महिला स्वयंसेविका,टोल विकास समितिका पदाधिकारीहरुलाई तालिम) कार्यक्रम।<br>❖ योजनाले तोकेका पोषण सम्वेदनशिल तथा पोषण विशेष कार्यक्रमहरुः<br>1. घरेलु हिंसा न्यूनिकरणका लागि वहस तथा पैरवि अभियान संचालन।<br>2. अभिभावक तथा समुदायका सदस्यहरुलाई पोषण शिक्षा सम्बन्धि सचेतना गर्ने।<br>3. प्रचार प्रसार तथा बृहत पोषण प्रदर्शनी।<br>4. पशु स्वास्थ्य शिविर सम्बन्धि अभिमुखिकरण संचालन गरि पशुलाई खोप लगाउने कार्यक्रम गर्ने।<br>5. सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी तालिम तथा तरकारीको बिउविजन वितरण।<br>6. एक घर एक धारा खानेपानी सरसफाई प्रवर्द्धन।<br>7. गाउँपालिकामा पोषणमैत्री कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रवर्द्धानात्मक कार्यक्रम(तालिम तथा अभिमुखिकरण) |

## अनुसुचि-०२

### कार्यविधिको दफा १७(४) सँग सम्बन्धित

लक्षित समुहमा सञ्चालन हुने आयआर्जन कार्यक्रमको समुदाय स्तरिय समितिले अनुगमन गरी कार्यालयमा पेश गर्ने प्रतिवेदनको ढाँचा

१. अनुगमन गरेको लक्षित समुहको नाम र ठेगानाः

२. अनुगमन गरिएको मितिः

३. अनुगमन समितिका सदस्यको विवरणः

४. अनुगमन गरिएको घरधुरी

| क्र.स. | नाम | अनुगमन गर्दा देखिएका विषय |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

५. अनुगमन समितिको सुझाबः

**अनुसूचि-०३**
**प्रगती विवरण फाराम**

कार्यक्रमको नाम:

साझेदारको नाम :

ठेगाना :

प्रगती विवरणको अवधी : मिति..............................देखि ..............................सम्म

| सि.न. | सम्पन्न क्रियाकलाप | इकाइ | परिमाण | बार्षिक लक्ष्य | हाल सम्मको प्रगती | कुन ठाउँमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | हाल सम्मको खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १० | | | | | | | | |

तयार गर्ने पेश गर्ने सदर गर्ने

| पोषण कार्यक्रम | | | | |
|---|---|---|---|---|
| प्रदेश सरकारबाट विशेष अनुदान प्राप्त | | | | |
| आ.व.२०८२/०८३ | | | | |
| क्र.स. | विवरण | ईकाई | रकम | जम्मा |
| १ | घरेलु हिंसा न्यूनिकरणका लागि वहस तथा पैरवि अभियान संचालन | पटक | १०० | १०० |
| २ | अभिभावक तथा समुदायका सदस्यहरुलाई पोषण शिक्षा सम्बन्धि सचेतना गर्ने। | जना | २०० | २०० |
| ३ | एक घर एक धारा खानेपानी सरसफाई प्रवर्द्धन | पटक | १००० | १००० |
| ४ | प्रचार प्रसार तथा बृहत पोषण पर्दशनि। | पटक | ८० | ८० |
| ५ | पशु स्वास्थ्य शिविर संचालन गरि पशुलाई खोप लगाउने कार्यक्रम गर्ने। | पटक | ४०० | ४०० |
| ६ | सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि तालिम तथा तरकारीको विउ विजन वितरण। | पटक | ३३० | ३३० |
| ७ | गाउँपालिकामा पोषणमैत्री कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रवर्द्धानात्मक कार्यक्रम | वडा | ३९० | ३९० |
| | जम्मा | | २५०० | २५०० |

कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०१/१३

आज्ञाले,
हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत